# भद्रपुर नगर कार्यपालिकाको **सवारी साधन मर्मत**सम्बन्धी कार्यविधि, २०७४

**(नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७४/०८/...)**

**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा**

# सवारी साधन मर्मत कार्यविधि, २०७४

भद्रपुर नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी जिल्ला, नगरपालिका तथा गाउँपालिकाहरूमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरूमा स–शुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको **मे १ ग ३७** नम्बरको सवारी साधन मर्मत सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, वन्देजमा रही सञ्चालन गर्ने गराउने गरी यो **सवारी साधन मर्मत कार्यविधि, २०७४** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **सवारी साधन मर्मत कार्यविधि, २०७४** रहने छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) **ऐन** भन्नाले स्थानीय तह सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) **नियमावली** भन्नाले स्थानीय तह सञ्चालन ऐन, २०७४ लाई आधार मनी तयार भएको नियमावलीलाई सम्झनु पर्दछ ।

(ग) **नगरपालिका** भन्नाले भद्रपुर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) **नगरसभा** भन्नाले भद्रपुर नगर कार्यपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(ङ) **प्रमुख** भन्नाले भद्रपुर नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) **उपप्रमुख** भन्नाले भद्रपुर नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(छ) **नगर कार्यपालिका** भन्नाले स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(ज) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले भद्रपुर नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) **इन्जिनियर** भन्नाले भद्रपुर नगर कार्यपालिका कार्यालयको इन्जिनियरलाई सम्झनु पर्दछ ।

(ञ) **कार्यालय** भन्नाले भद्रपुर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

भद्रपुर नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू, स्थानीय नगरबासी, सङ्घसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरू, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरू तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूका विकास कार्यक्रमहरूमा माग भएअनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहने छ ।

**४. सञ्चालन विधि**

भद्रपुर नगर कार्यपालिकाको कार्यालयमा रहेको **सवारी साधन मर्मत** सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात् मात्र फिल्डमा खटाइनेछः

(क) **सवारी साधन मर्मत** माग गर्ने व्यक्ति वा संस्थाबाट नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको फारामको ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ ।

(ख) **सवारी साधन मर्मत** माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर नगरप्रमुख/कार्यालय प्रमुखबाट आदेश भएपश्चात् के-कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको नगर कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

(ग) **सवारी साधन मर्मत** माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात् नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ ।

(घ) **सवारी साधन मर्मत** अपरेटरलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन ।

(ङ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरि थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएरमात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

(च) मेशिन प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ ।

(छ) **मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले वुझाउनु पर्नेछ ।**

(ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात् मेशिन अपरेटरले कामको विवरणसहित मिटरको अद्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(झ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरूको व्यवस्था गरिने छ ।

(ञ) नगर कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ट) **सवारी साधन मर्मत** माग गर्ने व्यक्ति वा सङ्घसंस्थाले **सवारी साधन मर्मत** शुल्क बुझाउदा भद्रपुर नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, भद्रपुरमा रहेको यस भद्रपुर नगर कार्यापालिकाको कार्यालयको धरौटी खाता हि.नं.......................................मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ वा कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गर्न सकिनेछ ।

(ठ) **सवारी साधन मर्मत** काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमामात्र नगर प्रमुख/कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गरिनेछ ।

**५. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था**

(क) मेशिन अपरेटरले इन्धन तथा लुव्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुव्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिससहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(ख) इन्धन तथा लुव्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

**६.सवारी साधन मर्मत सञ्चालन शुल्क**

कुनै व्यक्ति वा सङ्घसंस्थाबाट सवारी साधन मर्मत माग भै आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.नं. | कामको प्रकार | सवारी साधन मर्मत | कैफियत |
|---|---|---|---|
| १. | भद्रपुर नगरपालिका क्षेत्रभित्र नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत् सञ्चालित योजनाहरू | प्रतिघण्टा रु. १०००/- | |

| | | | |
|---|---|---|---|
| २. | भद्रपुर नगरपालिका क्षेत्रभित्र अन्य निकाय तथा ठेक्कापट्टामार्फत् सञ्चालित योजनाहरु | प्रतिघण्टा रु. १४००/- | |

***माथि उल्लेखित बुदाहरू भित्र ईन्धन लगायत लाग्ने अन्य खर्चहरू प्रयोगकर्ता स्वयम्‌ले व्यहोर्नु पर्नेछ।***

## ७. कर्मचारी व्यवस्था

(क) **सवारी साधन मर्मत** सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर १ जना साविक वमोजिमकै सेवा र शर्तमा रहने गरी तथा अपरेटरको सहयोगी १ जना जनशक्तिको हकमा स्थानीय तह सञ्चालन ऐन २०७४ वमोजिम करार सेवामा नियुक्ति गरिनेछ।

(ख) **सवारी साधन मर्मत** अपरेटरको सहयोगीलाई बढीमा जिल्ला दररेट अनुसार ज्यामीले पाउने दैनिक ज्याला उपलब्ध गराईने छ । तर करार सम्झौतामा घटाघटमा कममा काम गर्न ईच्छुकलाई प्राथमिकता दिईने छ ।

(ग) अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

## ८. सवारी साधन मर्मत सञ्चालन समिती

**सवारी साधन मर्मत** मेसिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको नगर प्रमुखको संयोजकत्वमा एक समिति रहने छः

- नगर प्रमुख -संयोजक
- प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- ईन्जिनीयर -सदस्य
- जिन्सी शाखा प्रमुख -सदस्य

## ९. विविध

(क) मेशिनको माईलमिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ख) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुऱ्याउनका लागि १ जना अपरेटरको सहयोगी समेतको व्यवस्था गरिनेछ ।

(ग) मेशिन कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछ । नगरपालिकाका इन्जिनियर वा भण्डार प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ ।

(घ) मेशिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनीयरको हुनेछ ।

(ङ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गर्न सक्नेछ ।

**अनुसूचीहरू :**

**अनुसूची १**

सवारी साधन मर्मत तथा व्याक हो लोडर माग दरखास्त फाराम

**अनुसूची २**

सवारी साधन मर्मत तथा व्याक हो लोडर मर्मत निवेदन फाराम

श्री

श्रीमान प्रमुख ज्यू
भद्रपुर नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

मिति ....................

विषय : **सवारी साधन मर्मत सञ्चालनसम्बन्धी कार्यविधिको मस्यौदा पेश गरेको सम्वन्धमा ।**

यस भद्रपुर नगर कार्यपालिकाको कार्यालय, भद्रपुर, झापामा रहेका **सवारी साधन मर्मत** सञ्चालनसम्बन्धी कार्यविधिको मस्यौदा तयार गरि पेश गर्न नगर प्रमुखज्यूबाट हामीलाई जिम्मेवारी तोकिए अनुसार यसै प्रतिवेदन साथ सवारी साधन मर्मत सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरि पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

**कार्यविधिको मस्यौदा पेश गर्नेहरू :**

| | |
|---|---|
| ................. | .................... |
| गणेश श्रेष्ठ | योगेन्द्र रञ्जितकार |
| जिन्सी शाखा प्रमुख | इन्जिनियर |

**अनुसूची - १**
**(सवारी साधन मर्मत मर्मत सम्बन्धी निवेदनको ढाँचा )**

श्रीमान प्रमुख ज्यू
भद्रपुर नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

मिति :

विषय : **सवारी साधन मर्मत मर्मत सम्बन्धमा ।**

महोदय,

यस भद्रपुर नगर कार्यपालिकाको **सवारी साधन मर्मत**को तपशिलको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्को जो आदेश ।

**तपशिल**

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत :
...........................
नाम :

**इन्जिनियरले भर्ने :**
उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु ।

........................
दस्तखत